# प्रशिक्षार्थी (इन्टर्न) सम्बन्धी कार्यविधि, २०८०

स्वीकृत मिति: २०८०।१२।१९

**प्रस्तावना:** उच्च शैक्षिक संस्थामा अध्ययनरत तथा उच्च शैक्षिक उपाधिको लागि प्रतिक्षारत विद्यार्थीलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा अन्तर्गतका निकायबाट सम्पादन हुने कार्य तथा सेवाका विषयमा इन्टर्नसीप कार्यक्रम मार्फत व्यवहारिक सीप र कार्य अनुभव दिलाउन आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ९ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आफ्नो आन्तरिक प्रक्रियालाई व्यवस्थित गर्न यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "प्रशिक्षार्थी (इन्टर्न) सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उच्च शिक्षा" भन्नाले स्नातक वा सोभन्दा माथिल्लो तहको शिक्षा सम्झनु पर्छ।

(ख) "उच्च शैक्षिक संस्था" भन्नाले उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय वा प्रतिष्ठान वा सो अन्तर्गतका संस्था वा निकाय सम्झनु पर्छ।

(ग) "इन्टर्न" भन्नाले मन्त्रालयमा यस कार्यविधि बमोजिम छनोट भई आउने प्रशिक्षार्थी सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्छ।

(ङ) "विद्यार्थी" भन्नाले उच्च शिक्षाका लागि उच्च शैक्षिक संस्थामा अध्ययनरत वा अध्ययन गरी उपाधिका लागि प्रतिक्षारत विद्यार्थीलाई सम्झनु पर्छ।



CamScanner

(च) "समिति" भन्नाले दफा ४ को उपदफा (२) बमोजिमको इन्टर्न छनोट तथा सिफारिस समिति सम्झनु पर्छ।

## परिच्छेद–२
## इन्टर्नसम्बन्धी व्यवस्था

३. **इन्टर्न गराउन सक्ने:** मन्त्रालयले मन्त्रालय तथा मातहतका निकायबाट सम्पादन हुने काम कारबाहीका विषयमा व्यवहारिक सीप र कार्य अनुभव दिलाउन इन्टर्नसीपमा समावेश गराउन सक्नेछ।

४. **समितिसम्बन्धी व्यवस्था:** (१) इन्टर्नसीपमा सहभागी हुने कार्य क्षेत्रगत पहिचानका आधार देहाय बमोजिम हुन सक्नेछन्:

(क) विद्यार्थीको रुची,

(ख) विद्यार्थीले अध्ययन गरेको विषय,

(ग) इन्टर्नसँगसम्वन्धित विषयमा मन्त्रालयले निर्धारण क्षेत्र।

(२) उपदफा (१) बमोजिम इन्टर्नको कार्यक्षेत्र पहिचान गरी सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक इन्टर्न छनोट तथा सिफारिस समिति रहनेछ:

| | |
|---|---|
| (क) सहसचिव उच्च शिक्षा महाशाखा, मन्त्रालय | संयोजक |
| (ख) उपसचिव, कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा, मन्त्रालय | सदस्य |
| (ग) उपसचिव, उच्च शिक्षा शाखा, मन्त्रालय | सदस्य सचिव |

(३) समितिको बैठकमा विश्वविद्यालय अनुदान आयोगको प्रतिनिधि र इन्टर्न हुने विषयसँगसम्वन्धित विज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिमको समितिले प्रचलित कानून तथा अभ्यासका आधारमा इन्टर्नलाई संलग्न गराउन सकिने क्षेत्रगत विषय, महाशाखा, अन्तर्गतका निकाय तथा मातहतका निकाय र संख्याको पहिचान गर्नेछ।

(५) उपदफा (४) बमोजिम संख्या कायम गर्दा मन्त्रालय तथा मातहतका निकायमा एक पटकमा बढीमा बीस जनासम्म इन्टर्नलाई समावेश गर्न सकिनेछ।

(६) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने लिखत रहने वा नीतिगत रुपमा गोप्य रहने वा प्रचलित कानून बमोजिम नियुक्त वा मनोनीत वा निर्वाचित



CamScanner

व्यक्तिबाटमात्र सम्पादन हुने भनी कार्य क्षेत्र निर्धारण भएका विषयक्षेत्रमा इन्टर्नलाई संलग्न गराउन सकिने छैन।

## परिच्छेद-३
## इन्टर्नको छनौटसम्बन्धी व्यवस्था

५. सूचना प्रकाशनः (१) समितिले इन्टर्नको रुपमा सहभागी हुन इच्छुक योग्यता पुगेका विद्यार्थीलाई निवेदन दिन मन्त्रालयको वेबसाइट मार्फत सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना सामाजिक सञ्जाल मार्फतसमेत सार्वजनिक गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र पर्न आएका निवेदनको आधारमा इन्टर्नको अल्पसूची बनाइ योग्यताका आधारमा छनोट गरिनेछ।

(४) समितिले पहिचान गरे बमोजिम इन्टर्नको रुपमा परिचालन गर्न सकिने विद्यार्थीको आवश्यक सङ्ख्यामा निवेदन प्राप्त हुन नआएमा बाँकी संख्याको लागि समितिले पुनः सूचना प्रकाशन गर्न सक्नेछ।

६. इन्टर्नको योग्यता : (१) इन्टर्नको रुपमा सहभागी हुन देहाय बमोजिम योग्यता पूरा भएको हुनु पर्नेछः

(क) नेपाली नागरिक,

(ख) उच्च शैक्षिक संस्थामा स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत वा अध्ययन पूरा गरी उपाधिको लागि प्रतिक्षारत भएको।

(२) उपदफा (१) बमोजिम योग्यता पुगेको विद्यार्थीले निर्धारित ढाँचामा फारम भरी अनलाइन वा इमेलका माध्यमबाट निवेदन गर्नु पर्नेछ।

(३) निवेदकले निवेदनसाथ सम्बन्धित उच्च शैक्षिक संस्थाको सिफारिस संलग्न गर्नु पर्नेछ।

७. छनोट विधिः (१) समितिले इन्टर्नलाई मन्त्रालयको आवश्यकताका आधारमा निवेदकले प्रस्तुत गरेका कागजातको मूल्याङ्कन गरी अल्पसूची प्रकाशन गर्नु पर्नेछ।

(२) समितिले योग्यता, रुची र अन्तर्वार्ताको आधारमा विद्यार्थीको छनोट गर्नेछ।

(३) उपदफा (२) बमोजिमको योग्यता, रुची र अन्तर्वार्ताको लागि प्रदान गर्ने अङ्कभार समितिबाट निर्धारण भए बमोजिम हुनेछ।



CamScanner

८. **सिफारिसः** (१) समितिले दफा ६ बमोजिम पर्न आएका निवेदकमध्ये दफा ७ बमोजिम समितिको निर्णयबाट छनोट भएका विद्यार्थीलाई मन्त्रालय तथा मातहतका निकाय तथा अन्तर्गतका सार्वजनिक निकायमा इन्टर्नको रुपमा परिचालन गर्न सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम इन्टर्न सिफारिस गर्दा समितिले इन्टर्नको रुची, क्षमता र मन्त्रालयका सम्बन्धित महाशाखा तथा अन्य निकायको आवश्यकताका आधारमा गर्नु पर्नेछ।

(३) सिफारिससम्बन्धी अन्य व्यवस्था समितिबाट निर्धारण भए बमोजिम हुनेछ।

(४) इन्टर्नसीपमा सहभागी हुने इन्टर्नले सम्बन्धित शाखा प्रमुख मातहत रही कार्य गर्नु पर्नेछ।

(५) समितिले इन्टर्नसीप सिफारिस गर्नु अघि सम्बन्धित शाखा प्रमुखसँग परामर्श गर्न सक्नेछ।

## परिच्छेद–४

## सहभागी सम्बन्धी व्यवस्था

९. **सहभागी गराउनु पर्नेः** दफा ८ बमोजिम सिफारिस भई आएको विद्यार्थीलाई खटिएको निकायको प्रमुखले प्रचलित कानूनको अधीनमा रही शाखा प्रमुखमार्फत परिचालन गर्नु पर्नेछ।

१०. **इन्टर्नको कार्य अवधिः** (१) इन्टर्नको रुपमा परिचालित हुने विद्यार्थीको परीक्षण अवधि बढिमा तीन महिनासम्मको हुनेछ।

तर विश्वविद्यालयको पाठ्यक्रम बमोजिम इन्टर्नसीपमा आवद्ध हुने इन्टर्नको हकमा तीन महिनाभन्दा बढी अवधिसम्म इन्टर्नसीप गराउन बाधा पर्ने छैन।

(२) इन्टर्नले प्रचलित कानून विपरीत वा निर्धारित शर्त वा आचरण विपरीत कुनै कार्य गरेमा निजलाई सम्बन्धित शाखा प्रमुखको सिफारिसमा समितिले जुनसुकै वखत हटाउन सक्नेछ।

११. **प्रमाणपत्र उपलब्ध गराउनु पर्नेः** (१) मन्त्रालयले इन्टर्नसीपमा परिचालन गरेका इन्टर्नलाई अवधि समाप्त भए पश्चात प्रमाणपत्र उपलब्ध गराउनेछ।

(२) मन्त्रालय अन्तर्गतका निकायमा परिचालित इन्टर्नलाई त्यस्तो निकायको सिफारिसमा मन्त्रालयले प्रमाणपत्र उपलब्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिमको प्रमाणपत्रको ढाँचा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।



CamScanner

## परिच्छेद–५
## विविध

१२· **आचार संहिता**: (१) इन्टर्नसीपमा संलग्न हुने विद्यार्थीले पालना गर्नु पर्ने आचारसंहिता देहाय बमोजिम हुनेछ।

(क) सरकारी सम्पत्तिको संरक्षणमा सहयोग गर्नु पर्ने,

(ख) शिष्ट र मर्यादित व्यवहार गर्नु पर्ने,

(ग) समितिले निर्धारण गरेका अन्य विषय।

(२) उपदफा (१) बमोजिम निर्धारित आचार संहिताको पालना गर्नु सम्बन्धित इन्टर्नको कर्तव्य हुनेछ र निजले समितिबाट निर्धारण भए बमोजिम स्वघोषणा गर्नु पर्नेछ।

१३· **कार्यतालिका बनाउन सक्ने**: (१) समितिले इन्टर्नको रुपमा रहन चाहने विद्यार्थीलाई परिचालन गर्ने सम्बन्धमा कार्यतालिका बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यतालिकाको आधारमा समितिले सूचना प्रकाशन,इन्टर्नको चयन सहितका आवश्यक कार्य गर्नेछ।

१४· **ढाँचा निर्धारण गर्न सक्ने**: मन्त्रालयले इन्टर्नलाई सहभागि गराउने सम्बन्धी कार्यकोलागि आवश्यक ढाँचा विकास गरी कार्यान्वयन गर्न सक्नेछ।

१५· **प्रचलित कानून बमोजिम गर्नु पर्ने**: (१) मन्त्रालयले इन्टर्नसम्बन्धी कार्य गर्दा प्रचलित कानून बमोजिम हुने गरी गर्नु पर्नेछ।

(२) मन्त्रालयले यस कार्यविधि बमोजिम इन्टर्नको रुपमा रहने विद्यार्थीले प्रचलित कानून विपरीत काम गरेमा वा कुनै गोपनियता भङ्ग गरेमा निजलाई प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउनु पर्नेछ।

१६· **आर्थिक दायित्व नपर्ने गरी इन्टर्नसीप गराउने**: मन्त्रालय तथा सम्बन्धित निकायमा इन्टर्नलाई खटाउदा नेपाल सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी खटाउनु पर्नेछ।

१७· **परिचय पत्र तथा प्रतिवेदन सम्बन्धी व्यवस्था**: (१) इन्टर्नले मन्त्रालय वा सम्बन्धित निकायले उपलब्ध गराएको परिचयपत्र प्रयोग गर्नु पर्नेछ।



CamScanner

(२) इन्टर्नले यस कार्यविधि बमोजिम इन्टर्नसीपको अवधि पश्चात आफ्नो इन्टर्नसीपबाट प्राप्त उपलब्धि, सुझाव र अन्य विषय केही भए सोसमेत खुलाई प्रमाणपत्र प्राप्त गर्नु अघि मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) इन्टर्नले प्रयोग गरेको परिचयपत्र इन्टर्नसीप समाप्त भए पछि मन्त्रालयमा फिर्ता गर्नु पर्नेछ।

१८. <u>बाझिएको हकमा अमान्य हुने</u>: यस कार्यविधिको प्रबन्ध प्रचलित कानुनसँग बाझिएको अवस्थामा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

१९. <u>खारेजी र बचाउ</u>: (१) "शिक्षा उत्प्रेरक (एडुकेशन क्याटलिष्ट) परिचालनसम्बन्धी कार्यविधि, २०८०" खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको कार्यविधि बमोजिम भए गरिएका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ।



CamScanner